# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
३ नं. प्रदेश, नेपाल

पत्र संख्या: २०७६/०७७

चलानी नं.: ३२८८

मिति: २०७६।१०।२३

**विषय : युवा प्रतिभा खोजि र प्रोत्साहन कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

श्री सबै वडा समितिको कार्यालय
बनेपा नगरपालिका ।

प्रस्तुत विषयमा धुलिखेल नगरपालिकाको च. नं. १७५९, मिति २०७६।१०/२० गतेको पत्रानुसार जिल्ला सदरमुकाम स्थित नगरपालिकाको आयोजनामां **शिक्षाको रुपान्तरणमा युवाको भूमिका** विषयक वक्तृत्वकला प्रतियोगिता जिल्ला स्तरमा सवै स्थानीय तह समावेश गरी मिति २०७६।११।०२ *गते,* विहान ११.०० वजे, धुलिखेल नगरपालिकाको सभा हल, धुलिखेल काभ्रेपलाञ्चोकमा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्नेलाई नगद पुरस्कारको समेत व्यवस्था गरी सञ्चालन गर्ने र जिल्ला स्तरमा प्रथम हुने १ (एक) जना सहभागीलाई प्रदेश स्तरमा सञ्चालन हुने कार्यक्रममा सहभागी हुन पठाउने भनी लेखि आएको हुँदा उक्त प्रतियोगितामा भाग लिन इच्छुक १६ देखि २४ वर्ष उमेर समूहका १ जना युवालाई स्थायी वसोवास रहेको स्थानीय तहको नाम र वडा खुलेको सिफारिस पत्र सहित नागरिकताको प्रमाणपत्र वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र यसै साथ संलग्न निवेदन सहित तपसिलको मिति, समय र स्थानमा सहभागीताका लागि पठाइदिनुहुन अनुरोध छ ।

.....................
(मोहन पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

तपसिल :

मिति: २०७६।१०।२९
समय: विहान १०:३० वजे
स्थान: बनेपा नगरपालिकाको सभा हल, बनेपा, काभ्रेपलाञ्चोक।

**बोधार्थ:**
श्री सूचना तथा प्रविधि शाखा :-Website मा UPload गर्नुहुन ।

## १. प्रतियोगितामा सहभागी हुनका लागि दिने निवेदनको ढाँचा

मिति :- २०७६/ /.......

श्री महानगर,उपमहानगर,नगर/ गाँउ पालिकाको कार्यालय,

................. ।

**विषय :- प्रतियोगिता सहभागी हुन पाऊँ ।**

उपर्युक्त सम्बन्धमा तहाँ परिषद्‌ले प्रकाशन गरेको मिति २०७६/ /... गते प्रकाशित सूचनामा उल्लेख भएको **'वक्तृत्वकला'** प्रतियोगिताका लागि सहभागी हुनका लागि तपसिल अनुसारको विवरण तथा कागजातहरू संलग्न गरी यो निवेदन पेश गर्दछु । यस कार्यक्रममा सहभागी हुँदाको व्यक्तिगत खर्च कही कतै पनि मागदावी नगर्ने ब्यहोरा समेत अनुरोध गर्दछु ।

**निवेदनसाथ पेश गरेका कागजातहरू :-**

क. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

ख. जन्मदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (नेपाली नागरिकता प्राप्त नभएको अवस्थामा मात्र)

ग. जिल्लाभित्रको पालिकामा स्थायी बसोवास भएको प्रमाणपत्र (सहभागी हुने जिल्लावाट नेपाली नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र जारी नभएको अवस्थामा मात्र) ।

जन्म मिति : वि.सं. २०...../...../..... (नागरिकता प्रमाणपत्र वा जन्मदर्ता प्रमाणपत्रमा उल्लेखित)

**निवेदक**

दस्तखत : ......................

नाम, थर : ...........................

**निवेदकको ठेगाना :-**

स्थायी : जिल्ला ................, गा.पा./नगरपालिका ..............., वडा नं ....., टोल ..................

अस्थायी : जिल्ला ............., गा.पा./नगरपालिका ............., वडा नं ......., टोल .................

सम्पर्क : फोन/मोबाइल नं. : .............................. इमेल : ..........................................